नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :- ०८१/८२
चलानी नं. :- २३० (प२) अ.त.नि.म)

मितिः २०८१/११/२५

विषयः राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (NAHIS) सञ्चालन सम्बन्धमा।

श्री सबै स्थानीय तह (सातै प्रदेश)।

प्रस्तुत विषयमा नेपालले अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता गरे अनुसार पशुपन्छीको स्वास्थ्य सूचना प्रणालीलाई भरपर्दो, पारदर्शी र व्यवस्थित गरि विश्व व्यापार संगठन (WTO) र विश्व पशु स्वास्थ्य संघ (WOAH)मा सूचना प्रवाह गर्नु पर्ने बाध्यता रहेको सन्दर्भमा पशुपन्छीको स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको Paper based reporting लाई Digitalized गरी सूचनाको आदान-प्रदान कार्यलाई सहज, सरल, पारदर्शी र प्रविधिमैत्री बनाउने दृष्टिकोणले पशु सेवा विभागले राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (NAHIS) विकास गरी ७५३ वटै स्थानीय तहमा कार्यरत पशु स्वाथ्यकर्मीहरुलाई NAHIS सम्बन्धमा अभिमुखीकरण समेत गरी सकेको व्यहोरा वितितै छ। यसै सन्दर्भमा मिति २०८१/०५/२५ को मन्त्रिस्तरीय निर्णयानुसार पारित भएको "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चाल सम्बन्धी कार्यविधी, २०८१"को बुँदा १०.१.२को इपिडेमियोलोजिकल रिपोर्टिङ्ग अन्तर्गत विभागबाट सञ्चालित राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (NAHIS) सञ्चालन गरेका स्थानीय तहहरूले अनिवार्य रूपमा पशुपन्छीमा देखा पर्ने विभिन्न रोगहरूको तत्काल वा मासिक रिपोर्टिङ्ग गर्नुपर्ने व्यवस्था भएअनुसार NAHIS को प्रयोग गरी रिपोर्टीङ्ग कार्य गर्न-गराउनुहुन तँहा मातहतको सम्बन्धित शाखालाई जानकारी दिई आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ।

..............................
डा. उमेश दाहाल
महानिर्देशक